ऐन संख्या.....

स्वर्गद्वारी नगरपालिका

# स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन - २०८१

नगर सभामा पेश गरेको मिति : २०८१।०३।१०

स्वीकृत/प्रमाणिकरण मिति :

## स्वर्गद्वारी नगरपालिका

लुम्बिनि प्रदेश

भिंगृ, प्यूठान

# स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन - २०८१

स्वर्गद्वारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०८१

प्रस्तावना : स्वर्गद्वारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम स्वर्गद्वारी नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.आर्थिक वर्ष २०८१/०८२ को निमित्त स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च, शर्शत अनुदान संघीय सरकार र प्रदेस सरकारवााट प्राप्त वित्तिय समानिकरण अनुदान, राजश्व बाँडफाटबाट प्राप्त अनुदान,विषेश अनुदान, समपुरक अनुदान, आन्तरिक आय र अन्य रकम एबं बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८३ करोड ०७ लाख ३३ हजारमा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिने छ। तर यो बजेटमा संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत र अन्य निकायवाट थप बजेट प्राप्त भएमा सोही अनुसार खर्च गर्न बाधा पर्ने छैन।

**३. विनियोजन :**

१) यस ऐनद्वारा सञ्चित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त स्वर्गद्वारी नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाहरुले सम्पादन गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाको बैठकको निर्णयले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम रकमान्तर गर्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम रकमान्तर तथा निकासा र खर्च जनाउन सकिने छ। पुंजीगत खर्च र वित्तिय ब्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ रकमान्तर र बित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन तर चालू तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकवाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न नगर सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची-१

(दफा २ संग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | बजेटका स्रोतहरू | आय तर्फ हजारमा |
|---|---|---|
| क. | **आय अनुमान** | ८३०७३३ |
| १ | **आन्तरिक आय** | **२३३९२** |
| | सम्पत्ती कर | ५००० |
| | भूमीकर/मालपोत | ४००० |
| | वहाल कर | ११०० |
| | वहाल विटौरी शुल्क | ११०० |
| | साना सवारी कर | ० |
| | विज्ञापन | ८० |
| | मनोरञ्जन कर | ० |
| | जडिबुटी, जीवजन्तु र कवाडी कर | ४०० |
| | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | 0 |
| | पर्यटन शुल्क | 0 |
| | सरकारी सम्पत्तीको विक्रीबाट प्राप्त रकम | 0 |
| | अन्य विक्रीबाट प्राप्त रकम | 0 |
| | अन्य सेवा शुल्क तथा विक्री | 0 |
| | न्यायिक दस्तुर | ११ |
| | प्रदुसन नियन्त्रंण शुल्क | ३०० |
| | शिक्षा क्षेत्रको आम्दानी | ११ |
| | परिक्षा शुल्क | १०० |
| | अन्य प्रशासनिक सेवा शुल्क | २२० |
| | पार्किङ शुल्क | १५० |
| | नक्शापास दस्तुर | ५०० |
| | सिफारिश दस्तुर | २७०० |
| | व्यक्तिगत घटना दस्तुर | ६०० |
| | नाता प्रमाणित दस्तुर | १२० |
| | बेरुजु | 0 |
| | अन्य दस्तुर | ११०० |
| | प्रशासनिक दण्ड जरिवाना र जफत | २०० |
| | व्यवसाय कर | २२०० |
| | दहत्तर बहत्तर | ३५०० |
| २ | **राजस्व बाँडफाँडबाट प्राप्त आय** | **१२९२४४** |
| | *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | *१२०३९२* |
| | *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि)* | *८८५२* |
| ३ | **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | **0** |
| | *वन रोयल्टी* | |
| | *खानी तथा खनिज रोयल्टी* | |
| | *पर्वतारोहण रोयल्टी* | |
| | *विद्युत रोयल्टी* | |
| | *पानी तथा अन्य प्राकृतिक स्रोत* | |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **५१४८१५** |

| | | |
|---|---|---|
| | *वित्तीय समानीकरण अनुदान* | *१०३७००* |
| | *सशर्त अनुदान* | *३७७६१५* |
| | *समपुरक अनुदान* | *३०००* |
| | *विशेष अनुदान* | *३०५००* |
| | *अन्य अनुदान* | |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **१६३२८२** |
| | *वित्तीय समानीकरण अनुदान* | *६८८२* |
| | *सशर्त अनुदान* | *१४४००* |
| | *समपुरक अनुदान* | *१०५००* |
| | *विशेष अनुदान* | *६०००* |
| | *सामाजिक सुरक्षा तथा संरक्षण* | *१२५५००* |
| ६ | **अन्तर स्थानीय तह साझेदारी रकम** | *0* |
| ७ | **जनसहभागिता** | *0* |
| ८ | **आन्तरिक ऋण** | *0* |
| ९ | **मौज्दात रकम** | ***0*** |
| **ख.** | **जम्मा खर्च** | **८३०७३३** |
| १ | चालु खर्च | ५७२९३३ |
| २ | पुँजीगत खर्च | २५७८०० |
| ३ | वित्तीय व्यवस्था (सावा भुक्तानी र शेयर लगानी) | |
| **ग.** | **बचत (-) न्यून (+)** | |